## अनुसूची - २

## इन्जिनियर (Engineer) को कार्य क्षेत्रगत शर्त (Terms of Reference)

जि.वि.स. को मातहतमा रही कार्यक्रम कार्यान्वयन गर्ने सन्दर्भमा इन्जिनियरको प्रमुख कार्य-जिम्मेवारी देहायका कायर्हरूमा सहिजकरण गर्ने हुनेछ र आफ्ना काम कारवाहीमा प्रत्यक्ष रुपमा जि.वि.स.को प्रमुख प्रति प्रति उत्तरदायी भई कामकाज गर्नु पर्नेछः

- कार्यक्रमको जिल्लागत वार्षिक कार्यक्रम तथा बजेट तयार गर्ने ।
- वार्षिक अनुगमन तथा मूल्यांकन कार्ययोजना तयार गर्ने ।
- कार्यक्रमको जिल्लागत Project Funding Matrix विवरण तयार गर्ने ।
- गाउँ परिषद र नगर परिषद्बाट स्वीकृत आयोजनाहरुको सर्वे, डिजाईन तथा इष्टिमेट तयार गर्ने
- कार्यक्रम कार्यान्वयन गर्नु भन्दा अगाडी उपभोक्ता समिति वा निर्माण व्यवसायीलाई अभिमूखिकरण गर्ने
- सञ्चालित आयोजनाहरुको नियमित अनुगमन, निरीक्षण गरी प्रतिवेदन पेश गर्ने ।
- आयोजना सञ्चालन गर्ने क्रममा स्थानीय स्तरमा देखापर्ने विवाद तथा समस्याको समाधान गर्न सहजीकरण गर्ने ।
- कार्यक्रम सञ्चालन भएका आफ्नो जिल्ला अन्तर्गतका गा.वि.स. र नगरपालिकाको वार्षिक खरिद योजना तयार गर्ने र सो अनुरुप खरिद व्यवस्थापन गर्ने व्यवस्था मिलाउने ।
- मासिक, चौमासिक, अर्ध-वार्षिक तथा वार्षिक प्रगति विवरण तयार गरी कार्यक्रम समन्वय इकाईमा पेश गर्ने ।
- आफ्नो जिल्ला अन्तर्गत कार्यक्रम सञ्चालन भएका गा.वि.स. र नगरपालिकाबाट सम्पादित कार्यहरुको अनुगमन गरी मौजुदा कार्यविधि एवं कानूनी प्रावधानको पालना र गुणस्तर सुनिश्चित गर्ने ।
- कार्यक्रम कार्यान्वयन समन्वय समितिलाई प्राविधिक तथा व्यवस्थापकीय सहयोग उपलव्ध गराउने ।
- आफूले सम्पादन गरेका कार्यहरुको मासिक र चौमासिक र अर्धवार्षिक र वार्षिक प्रगति विवरण स्थानीय विकास अधिकारी मार्फत मन्त्रालयमा पठाउने ।
- जि.वि.स., नगरपालिका वा गा.वि.स. लाई आवश्यकता अनुसार प्राविधिक सहयोग उपलव्ध गराउने ।
- जि.वि.स. ले निर्देशन दिएका अन्य कार्यहरु गर्ने ।

## अनुसूची - ३

### [१०](ख) सब-इन्जिनियर (Sub-Engineer) को कार्य क्षेत्रगत शर्त (Terms of Reference):

सीमाक्षेत्र विकास कार्यक्रम कार्यान्वयन गर्ने जि.वि.स को मातहतमा रही स्थानीय विकास अधिकारीले तोके बमोजिमको क्षेत्रमा खटिई सम्बन्धित स्थानीय निकायको मातहतमा रही इन्जिनियरको सामान्य निर्देशन बमोजिम सब-इन्जिनियरको कार्य-जिम्मेवारी निम्नानुसार हुनेछ :

- जिल्ला विकास समिति/नगरपालिका/गाउँ विकास समितिमा प्राप्त बजेट तयारी गर्न सहयोग गर्ने ।
- जिल्ला विकास समिति/नगरपालिका/गाउँ विकास समितिको project funding matrix विवरण तयार पार्ने ।
- स्वीकृत आयोजनाहरुको सर्वे डिजाईन तथा ईष्टिमेट विवरण तयार गर्न सहयोग गर्ने ।
- संचालित आयोजनाहरुको गुणस्तरीय कार्यान्वयन गर्ने गराउने ।
- सञ्चालीत आयोजनाहरुको नियमित अनुगमन, निरीक्षण गरी समयमै प्रतिवेदन पेश गर्ने ।
- आयोजना सञ्चालन गर्ने क्रममा स्थानियस्तरमा देखा पर्ने विवाद तथा समस्याको समाधान गर्न सहजिकरण गर्ने ।
- कार्यक्रम सञ्चालन भएका गा.वि.स./नगरपालिकाको वार्षिक खरिद योजना तयारी र सो अनुरुप खरिद व्यवस्थापन गर्न सहयोग गर्ने ।
- मासिक, चौमासिक, अर्ध वार्षिक तथा वार्षिक प्रगति विवरण तयार गरी समयमै पेश गर्ने ।
- नगरपालिका/गाउँ विकास समिति अर्न्तगत कार्यक्रम सञ्चालन भएको कार्यहरुको अनुगमन गरी मौजुदा कार्यविधि एंव कानुनी प्रावधानको पालना र गुणस्तर सुनिश्चित गर्ने ।
- *जिल्ला कार्यक्रम कार्यान्वयन समन्वय समिति*लाई प्राविधिक सहयोग गर्ने तथा वार्षिक प्रगति गा.वि.स/नगरपालिका मार्फत इन्जिनियर समक्ष पेश गर्ने ।
- जिल्ला विकास समिति तथा खटिएको नगरपालिका/गाउँ विकास समितिले निर्देशन दिएका अन्य कार्यहरु गर्ने ।

---

[१०] पहिलो संशोधनबाट संशोधित ।